## कार्यपालिका बैठक संख्या - १९७औं बैठक

आज मिति २०८३।०२।२५ गते विहान ०८:०० बजे पूर्वखोला गाउँपालिका अध्यक्ष श्री नुन बहादुर थापा ज्यूको अध्यक्षतामा देहाय बमोजिमको कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक पालिका बैठक कक्षमा बसी तपसिल बमोजिमको एजेन्डाहरुमा छलफल गरी निम्न बमोजिम निर्णय गरियो।

**उपस्थिति**

| क्र.स | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष श्री नुन बहादुर थापा | पूर्वखोला गा.पा अध्यक्ष | |
| २ | श्री भागिरथी भट्टराई | पूर्वखोला गा.पा उपाध्यक्ष | |
| ३ | श्री राजु नेपाल | प्रमुख प्रशासकीय अधिकृत (सचिव) | |
| ४ | मेहर सिंह थापा | प्रवक्ता एवंम् वडा अध्यक्ष वडा न. ४ | |
| ५ | श्री गिरीमान आले | वडा अध्यक्ष वडा नं. १ | |
| ६ | श्री निर बहादुर सारु | वडा अध्यक्ष वडा नं. २ | |
| ७ | श्री कृष्ण प्रसाद् भट्टराई | वडा अध्यक्ष वडा नं. ३ | |
| ८ | श्री विष्णु कुमार पल्ली | वडा अध्यक्ष वडा नं. ५ | |
| ९ | श्री धन बहादुर घर्ती | वडा अध्यक्ष वडा नं. ६ | |
| १० | श्री भिमी सरा आले | कार्यपालिका सदस्य | |
| ११ | श्री देवीसरा गाहा | कार्यपालिका सदस्य | |
| १२ | श्री रेवती सरा घर्ती | कार्यपालिका सदस्य | |
| १३ | श्री ललिता दर्लामी | कार्यपालिका सदस्य | |
| १४ | श्री राजु परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री चन्द्रसिं बर्मेली | कार्यपालिका सदस्य | |

**आमन्त्रित:**

| | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १६. | सूचना ज्ञवाली | सूचना प्रविधि अधिकृत | |
| १७. | शान्ति आचार्य | का. स | |

पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**बैठकका एजेन्डा:**

१) अघिल्लो १९६ औं कार्यपालिका बैठकको निर्णयको समिक्षा सम्बन्धमा,
२) आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम सम्बन्धमा,
३) गाउँसभाको २०औं अधिवेशन आव्हान सम्बन्धमा,
४) भुक्तानी सम्बन्धमा,
५) विविध
   क) सर्वदलीय सर्वपक्षीय बैठक आव्हान सम्बन्धमा,
   ख) सहयोग तथा राहत सम्बन्धमा,
   ग) म्याद नाघेका आयोजना सम्बन्धमा,
   घ) भुक्तानी अनुमोदन सम्बन्धमा,
   ङ) मकै बीउ संकलन केन्द्र निर्माण गर्ने सम्बन्धमा,
   च) योजना कार्यान्वयन गर्ने सम्बन्धमा,
   छ) खानेपानीका योजना सञ्चालनमा साझेदारी र सहजीकरण गरिदिनुहुन विद्युत प्राधिकरण (पाल्पा वितरण केन्द्र) लाई अनुरोध गर्ने सम्बन्धमा,
   ज) जोखिम न्यूनिकरणका लागि सहयोग उपलब्ध गराउने सम्बन्धमा।

निर्णयहरु:

१) अघिल्लो १९६ औं कार्यपालिका बैठकको समिक्षा गरी यस अघि भएका अधिकांश निर्णयहरु कार्यान्वयन भएको तथा केही निर्णयहरु कार्यान्वयनको चरणमा गएको पाईयो।
२) पूर्वखोला गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तर्जुमा गर्नको लागि बनेको नीति तथा कार्यक्रम मस्यौदा समितिका सदस्य तथा कार्यपालिका सदस्य सचिव राजु नेपालले आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमको मस्यौदा बैठकमा पेश गर्नुभयो।
३) पूर्वखोला गाउँपालिका गाउँसभाको २० औं अधिवेसन मिति २०८३/०३/०३ गते बुधबारको दिन आव्हान गर्ने सर्वसम्मत निर्णय गरियो।
४) १५ शैया अस्पताल निर्माण गर्ने ठेक्का प्राप्त निर्माण व्यवसायी बिकोई - दावा जे.भि. ले मिति २०८२/०९/१८ मा फाईनल बिल साथै मुल्य समायोजन र पुरानो बिलमा बाँकी रहेको भुक्तानी उपलब्ध गराईदिनु भनी यस कार्यालयमा दिएको निवेदनमा भुक्तानी उपलब्ध गराउन बजेट पनि उपलब्ध नरहेको साथै मूल्य समायोजन लगायतका विविध विषयहरु निर्णयका लागि उच्च अदालत पाटनमा विचाराधीन रहेकाले भुक्तानी दिन नसकेको परिप्रेक्ष्य रहेकोमा हाल १९औं अधिवेशन (हिउँदे गाउँ सभा) बाट उक्त रकम भुक्तानीका लागि बजेट विनियोजन भएको साथै सो विषयमा उच्च अदालतको निर्णय समेत भई सकेकाले निजलाई नियमानुसार दिनु पर्ने रकम भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो।
५) विविध:
   क) पूर्वखोला गाउँपालिकाको आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम एवं बजेट माथि छलफल तथा राय सल्लाह एवं सुझावहरु संकलन गर्नका लागि गाउँ कार्यपालिका सहित सर्वदलीय सर्वपक्षीय बैठक मिति २०८३/०३/०१ गते सोमबारका दिन गाउँपालिकाको सभा हलमा बस्ने सर्वसम्मत निर्णय गरियो।

नुन बहादुर थापा
अध्यक्ष

२०८२/२/२५
राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत

ख) पूर्वखोला गाउँपालिका भित्र बसोबास गर्ने तपसिल स्थानीय जनता तथा संघ संस्थाले सहयोग तथा राहत माग गरेकोमा तपसिल बमोजिम सहयोग गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिलः

| क्र.स. | ब्यक्ति/संस्थाको नाम | ठेगाना | माग विवरण | उपलब्ध गराएको सहयोग |
|---|---|---|---|---|
| १ | ज्ञान बहादुर हिस्की | पूर्वखोला-१ | ३ घनमिटरको १५ थान तारजाली | २ घनमिटरको ३ थान र ३ घनमिटरको २ थान तारजाली तत्काल अनि बाँकी आवश्यकता अनुसार |
| २ | रिंङनेरह स्वास्थ्य चौकी | पूर्वखोला -३ | २५ एम.एम. को २४० मिटर खानेपानी पाईप | २५ एम.एम. को २४० मिटर खानेपानी पाईप |
| ३ | खेम बहादुर काम्मु | पूर्वखोला-३ | २० एम.एम. को १५० मिटर | २० एम.एम. को ७५ मिटर खानेपानी पाईप |
| ४ | राजेन्द्र ढुंगाना लगायत ८ जनाको संयुक्त निवेदन | पूर्वखोला-३ | रु. ६,०००/ | |
| ५ | रन बहादुर वि.क. | पूर्वखोला-५ | २ घ. मी. को ८ बक्सा ग्याबिन जाली | ५ वटा |
| ६ | देवीसरा गाहा | पूर्वखोला-३ दियाले | सातबिसे ठूलो पुल मर्मत कार्य गरे बापतको ४ जनाको अदक्ष कामदारको ज्याला रु २९८०।- | ज्याला वापतको रकम |

ग) गाउँपालिका भित्र उपभोक्ता समितीबाट सञ्चालित विभिन्न योजनाहरु विविध कारणले गर्दा समयमा सम्पन्न हुन नसकेको भन्ने गुनासाहरु प्राप्त भएकाले त्यस्ता म्याद नाघेका योजनाहरुको कार्य सम्पन्न गर्ने म्याद मिति २०८३ असार ०९ गतेसम्म थप गर्ने सर्वसम्मत निर्णय गरियो।

नुन बहादुर थापा
अध्यक्ष

२०८३/२/२४
राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत

घ) गाउँ कार्यपालिकाको कार्यालयबाट मिति २०८३/०२/१२ देखि २०८३/०२/२४ गते सम्म विविध योजना/आयोजना तथा कार्यक्रमहरुमा भएका भुक्तानीहरु अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

ङ) देवीनगर माथिल्लो लेमधेममा निर्माण हुन लागेको मकै बीउ संकलन तथा प्रशोधन केन्द्रका लागि हेफर प्रोजेक्ट नेपालले परियोजनाबाट ५ लाख साझेदारी भएमा उक्त संस्था हेफर नेपालले १० लाख साझेदारी गर्न सक्ने उल्लेख गरे बमोजिम मिति २०८२ साल चैत्र २७ गते गाउँपालिकाका अध्यक्षज्यूको संयोजकत्वमा बसेको परियोजना अनुगमन तथा समन्वय समितिको बैठकबाट उक्त कार्यका लागि रु. ५०००००।- ( अक्षरुपी पाँच लाख मात्र ) DIP संसोधन गरी विनियोजन भएकोमा उक्त स्थानमा सो केन्द्र निर्माणका लागि कहि कतै सार्वजनिक जग्गा नरहेको, गाउँपालिका एवं हेफर संस्थाले समेत जग्गा खरीदमा रकम प्रयोग गर्न सक्ने अवस्था नभएको र कसैबाट निशुल्क जग्गा समेत उपलब्ध हुन नसकेको अवस्थामा बाहिरको संस्थाबाट आफ्ना शेयर सदस्यहरुको सहुलियत एवं सुविधाका लागि प्राप्त हुन लागेको ठुलो रकम Freeze हुने देखी श्री देवीनगर महिला कृषि सहकारी संस्था लि. ले उक्त स्थानमा आफ्ना शेयर सदस्यहरु नै रहेको र निजहरुलाई नै सहजता हुने भनी उक्त केन्द्र निर्माण गर्ने प्रयोजनका लागि साझेदारी स्वरुप जग्गा खरीद गरेको र उक्त सहकारीले मकै बीउ संकलन तथा प्रशोधन केन्द्र सञ्चालन भए सम्म उक्त केन्द्रलाई निशुल्क रुपमा सो जग्गा उपलब्ध गराउने तथा कुनै हकदाबी नगर्ने भनी सञ्चालक समितिको मिति २०८३/०२/२४ मा बैठक बसी निर्णय गरी निर्णयको प्रतिलिपी समेत पेश गरी प्रतिबद्धता समेत पेश गरेकाले सो जग्गामा मकै बीउ संकलन तथा प्रशोधन केन्द्र निर्माण गर्ने र सो रकम निर्माण कार्यका लागि खर्च गर्ने स्वीकृती दिने सर्वसम्मत निर्णय गरियो।

च) आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत पूर्वखोला-४ देवीनगरमा तिन खोली ताल निर्माण योजना सम्पन्न गर्न उपभोक्ता समिति गठन गरी सम्झौता भई पेश्की समेत प्राप्त गरेकोमा हाल भईरहेको मूल्य वृद्धिका कारण उक्त योजना कार्यान्वयन गर्न नसक्ने भनी उपभोक्ता समितिले पेश्की फिर्ता गरी सम्झौता समेत् अन्त्य गरेको तर उक्त योजना गाउँपालिकाको पर्यटन प्रवर्द्धन गर्ने सन्दर्भमा अत्यन्त महत्वपूर्ण रहेकाले सम्भव भएमा कोटेशन मार्फत भएता पनि कार्यान्वयन गरी सम्पन्न गर्ने सर्वसम्मत निर्णय गरियो।

छ) यस पूर्वखोला गाउँपालिकाबाट आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपसिलमा उल्लेखित खानेपानी योजनाहरुमा खानेपानीका कार्यहरु अधिकांश सम्पन्न भएको तर विद्युतीकरणका कार्यहरु बाँकी रहेकाले उक्त कार्यहरु गर्नका लागि बजेट विनियोजन भएकोमा हालसम्म पनि दक्ष जनशक्तिको अभावमा विद्युतीकरणका कार्य गर्न हुन नसकेको र बजेट समेत FREEZE हुने देखिएको परिप्रेक्ष्यमा उक्त खानेपानी योजनाहरुमा विद्युतीकरण कार्य गर्न नेपाल विद्युत प्राधिकरण ( पाल्पा वितरण केन्द्र ) तानसेन, पाल्पालाई तहाँबाट कम्तीमा ५०% लागत साझेदारी गरी तहाँबाट गरिदिन अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।

नुन बहादुर थापा
अध्यक्ष

२०८३/२/२४
राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत

तपसिलः

| क्र.स. | योजनाको नाम | विनियोजित रकम | कार्यान्वयन हुने स्थान |
|---|---|---|---|
| १ | पोखन्दी लिफ्ट खा.पा. विद्युत विस्तार | १० लाख | पूर्वखोला-१, सिलुवा |
| २ | रेलडाँडा लिफ्ट खा.पा.आयोजना | ३ लाख | पूर्वखोला-१, सिलुवा |
| ३ | बेसर्घा लिफ्ट खा.पा. विद्युत बिस्तार | १० लाख | पूर्वखोला-४, देवीनगर |

ज) पूर्वखोला गाउँपालका वडा नं ५ भैंसादीमा बिरकोट-गेझा मोटरबाटो निर्माण गर्ने क्रममा जमिन कमजोर भई विगतका समयमा भएको अविरल वर्षाका कारण पहिरो गएको र तत्काल पर्खाल निर्माण गरी रोकथाम नगरेमा तहाँ रहेका ९ घर लगायतको मानव बस्ती जोखिममा पर्ने देखी स्थानीय चुरा बहादुर सारु र जिन बहादुर सारुले गाउँपालिकामा निवेदन पेश गरेका आधारमा कार्यपालिकाको मिति २०८३/०२/१३ मा बसेको १९६औं बैठकबाट प्राविधिक अनुमानका आधारमा बढीमा १ लाख रुपैया सम्मको सहयोग पर्खाल निर्माणका लागि आकस्मिक तथा विपद व्यवस्थापन शीर्षकबाट खर्च लेखी भुक्तानी दिने भन्ने सर्वसम्मत निर्णय भएकोमा उक्त रकमबाट सो कार्य गर्न सम्भव नहुने राय प्राविधिक शाखाबाट प्राप्त भएकाले उक्त स्थानमा पर्खाल निर्माण गर्न प्राविधिक लागत अनुमानका आधारमा लाग्ने रकम आकस्मिक तथा विपद व्यवस्थापन शीर्षकबाट खर्च लेखी उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

नुन बहादुर थापा
अध्यक्ष

२०८३/२/२५
राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत